**बैठक संख्या : ५३**

आज मिति २०७६/०७/२४ गते ........... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री हरि प्रसाद ज्ञवाली | उप-सचिव शिक्षा | |
| २५ | श्री कनकमान श्रेष्ठ | शिक्षा सल्लाहकार | |
| २६ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक सल्लाहकार | |
| २७ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २८ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २९ | श्री विजय राज वाग्ले | अधिकृत | |

## बैठकका प्रस्तावहरु :

१. निग्लिहवा (कुश्मा, जरलैया) नाकाको आय ठेक्का सम्बन्धमा ।

२. उपभोक्ता समिति गठन सम्बन्धमा ।

३. अ.हे.व. र का.स. पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

४. औद्योगिकग्राम तोक्ने सम्बन्धमा ।

५. ODF तथा Post ODF सहयोग सम्बन्धमा ।

६. विद्यालयको शशर्तको भौतिक पूर्वाधार सम्बन्धमा ।

७. सडक राईट वे (Right Way) सम्बन्धमा ।

८. आधारभूत स्वास्थ्य केन्द्र व्यवस्थापन सम्बन्धमा ।

९. सार्बजनिक खरिद प्रक्रिया सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा निग्लिहवा (कुश्मा, जरलैया) नाकाको आय ठेक्का सम्बन्धमा वडा नं. ९ को कार्यालयबाट प्राप्त हुन आएको लिखित पत्र उपर छलफल हुँदा सो नाका र यस नगरपालिका अन्तर्गतका अन्य वडा अन्तर्गतका नाकाहरु समेतमा नदीजन्य पदार्थको ठेक्काबाट प्राप्त हुन आएको कुल आयको १० प्रतिशत रकमलाई अग्राधिकार दिई सम्बन्धित वडाको प्रभावित क्षेत्रमा वडा समितिको सिफारिस अनुसार योजना स्वीकृत गराई कार्यान्वयनको लागि रकम उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रत्येक वडाले निर्माण कार्यको लागि मिति २०७६/०८/१० गते भित्र उपभोक्ता समिति गठन गरी सोको विवरण नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कपिलवस्तु अस्पताल तौलिहवामा यस कार्यालयबाट करार सेवामा कामकाजको लागि खटाइएको १ जना अ.हे.व. र १ जना का.स. को सेवालाई निरन्तरता दिदै निजहरुको पारिश्रमिक चालु आ.व. २०७६/०७७ को लागि भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा नं. ४ को छोटकी तौलिहवा देखि वडा नं. १२ को बाणगंगा खोलाको सम्मको क्षेत्रलाई औद्योगिक ग्रामको रुपमा विकास गर्ने गरि सो क्षेत्रलाई औद्योगिक ग्राम तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७६/७७ को लागि स्वीकृत खुला दिशा मुक्त क्षेत्रको लागि स्वीकृत बजेट रकमबाट वडा नं. ४, ५ र ६ मा खुला दिशा मुक्त घोषणा भए बापत पुरुस्कार स्वारुप माथि उल्लेखित वडाहरुलाई रु. ३ लाखका दरले उपलब्ध गराउने र सोहि बजेटबाट पोष्ट ओ.डि.एफ. का क्रियाकलापलाई निरन्तरता दिन वास योजना निर्माण गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत सशर्त तर्फको शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको चं.नं. ०३ मिति २०७६/०४/०५ को प्राप्त प्रत्रानुसार आर्थिक वर्ष २०७६/०७७ को अन्तरसरकारी वित्तीय हस्तानान्तरण अन्तरगत सशर्त अनुदानको रुपमा विद्यालय क्षेत्र विकास कार्यक्रम क्रियाकलाप नं ११.१.२.१ विद्यालय भौतिक पूर्वाधार निर्माण गर्नका लागि दोहोरो नपर्ने गरि तपशिलमा उल्लेखित विद्यालयहरुलाई निम्नानुसारका कार्यक्रम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

**भवन**

१. सरस्वती प्रा.वि. अकबरपुर वडा नं १२, भवन २ कोठे । (विद्यालयको नाममा जग्गा नामसारी भएमा मात्र)

२. रत्नराज्य मा.वि. वडा नं. १, भवन २ कोठे ।

३. गौगम बुद्ध आधारभूत विद्यालय वडा नं. २, भवन २ कोठे ।

४. आधारभूत विद्यालय पिपरी वडा नं ४, भवन २ कोठे ।

५. सुन्दर प्रा.वि. मालपारा वडा नं ४, भवन २ कोठे ।

६. नारायण प्रा.वि. हरिहरपुर वडा नं. ७, भवन २ कोठे ।

७. राष्ट्रिय मा.वि. बिकुली वडा नं १०, भवन २ कोठे ।

**शौचालय**

१. कालिकाजन मा.वि. वडा नं १२ शौचालय

२. श्याम नि.मा.वि. जहदी वडा नं. ११ शौचालय

३. राधाचन्द्र प्रा.वि. जमौहरा वडा नं. ३ शौचालय

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बढदो जनसंख्याको चाप र सुठौली भन्सार ठुलो भन्सारको रुपमा रुपान्तरण भएको र हुलाकी राजमार्ग निर्माणको क्रममा रहेको हुँदा भविष्यमा सवारी साधनको चाप बढने स्वाभाविक रहेको हुँदा दुर्घटनाको बृद्धि हुने सम्भावना देखिएको हुँदा जमुवार देखि नयाँ टोल हुदै तिलौराकोट सम्म र हुलाकी राजमार्गलाई सडकको मापदण्ड अनुसार निर्माण गर्न सम्बन्धित निकायहरुमा अनुरोध गरि सो कार्यमा सम्बन्धित नगरबासीहरुलाई सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा नं. १, ४ र १० मा स्थापना भएका आधारभूत स्वास्थ्य केन्द्रको संचालन तथा व्यवस्थापन गर्नको लागि आवश्यक कर्मचारी छनौट गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आर्थिक ऐन, नियम र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सार्वजनिक खरिदका लागि वडाबाट समेत आवश्यक प्रक्रिया मिलाई रकम भुक्तानीको लगि पहल गर्ने निर्णय गरियो ।

## कार्यपालिका सदस्य ज्यूहरुबाट प्राप्त थप प्रस्तावहरु

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं. १२ को पिपरहवा, बेलभरिया गाउँ सम्म जोडिएको हुलाकी राजमार्ग सडकको केन्द्र विन्दुबाट १५/१५ मिटर दायाँ बायाँ नम्बरी जग्गामा रहेका रुख विरुवाहरु सम्बन्धित व्यक्तिहरुको हकभोग र स्याहारमा रहेका व्यक्तिहरुबाटनै उपभोग गर्न पाउने गरि नियमानुसार कटान प्रक्रियाका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा अगामी नगर सभाबाट स्वीकृत गर्ने गरि वडा नं. २ को पूर्वाधार विकास तर्फ आकष्मिक मर्मत सम्भार कोषमा विनियोजित रकमबाट कट्टी हुने गरी देहायका आयोजनाहरुमा बजेट थप तथा विनियोजन गर्ने निर्णय गरियो ।

क) बरदहवा प्रवेशद्धार निर्माणमा रु. एक लाख (१,००,०००/) थप गर्ने ।

ख) लम्तिया गाउँको राधाकृष्ण मन्दिर मर्मत सम्भार रु. ६० हजार ।

ग) जमुवारटोल शिव मन्दिर रंगरोगन तथा सम्भारमा रु. ५० हजार ।

घ) कुदान गाउँको पश्चिम र लम्तिया गाउँको पश्चिम कुलो मर्मत सम्भार रु. ४० हजार ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा अगामी नगर सभाबाट स्वीकृत गर्ने गरि आ.व. २०७६/०७७ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार श्री पशुपति प्रताप पुस्तकालयमा अपांग मैत्री सिढी बनाउन रु. ३ लाख बजेट विनियोजन गरेकोमा सो बजेट अपांग मैत्री कक्षा निर्माणको लागि योजना परिवर्तन गर्ने निर्णय गरियो ।